का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ वैशाख २०८०,
सोमबार
24 April 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ८८ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



तनहुँको क्षेत्र नं १ अन्तर्गत भानु नगरपालिका-२ को हेरालो राष्ट्रिय लोहनी माध्यमिक विद्यालय मतदानस्थलमा मतदान गर्दै क्रियापुत्री सूर्य कुँवर । तस्बिर: सानेबहादुर नेपाली/रासस

■ चौध वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं ।
■ बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो ।
■ बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।
■ बालबालिकाको शारीरिक र मानसिक विकासमा सहयोग गरौं ।

बालश्रम उन्मुलन अभियानमा सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

उपनिर्वाचनको सन्देश

# मतदातामा देखिएन उत्साह

उपनिर्वाचन शान्तिपूर्ण रहे पनि मतदातामा भने उत्साह कम रहेको पाइएको छ । यसको बलियो प्रमाण हो- मंसिर ४ को निर्वाचनभन्दा कम मतदान ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० वैशाख

चितवन-२, बारा-२ र तनहुँ १ को उपनिर्वाचन छिटपुट घटनाबाहेक शान्तिपूर्ण रुपमा मतदान भएको छ । तीनवटै निर्वाचन क्षेत्रमा बिहान ७ बजेदेखि सुरु भएको मतदान साँझ ५ बजेसम्म चलेको थियो । यसक्रममा चितवनका २ मतदान केन्द्रमा केहीबेर मतदान रोकियो थियो भने बारामा केही व्यक्तिहरू पक्राउ परो थिए ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया उपनिर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको बताउँछन् । उनका अनुसार बारा-२ मा ६४ प्रतिशत, चितवन-२ मा ६३ प्रतिशत र तनहुँ-१ मा ५२ प्रतिशत मतदान भएको छ ।

गत मंसिर ४ गते भएको निर्वाचनमा चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका रवि लामिछानेको नागरिकता विवादका क्रममा रिक्त भएको थियो । तनहुँ र बाराबाट निर्वाचित सांसदहरु क्रमश राष्ट्रपति र उपराष्ट्रपति भएपछि रिक्त हुँदा उपनिर्वाचन भएको हो ।

उपनिर्वाचन शान्तिपूर्ण रहे पनि मतदातामा भने उत्साह कम रहेको पाइएको छ । यसको बलियो प्रमाण हो- मंसिर ४ को निर्वाचनभन्दा कम मतदान ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार सबैभन्दा धेरै मत चितवन-२ मा घटेको छ । मंसिर ४ को चुनावमा ६७.८ प्रतिशत मतदान भएको यस क्षेत्रमा यसपालि ६३ प्रतिशत मात्र खसेको छ ।

उनका अनुसार गत ४ मंसिरमा भएको निर्वाचनमा बारा २ मा ६३.५६, चितवन २ मा ६७.६३ प्रतिशत र तनहुँ-१ मा ५४.०३ प्रतिशत मतदान भएको थियो ।

## मतगणनास्थलमा तारजाली र सीसी क्यामेरा



मतगणनास्थललाई सुरक्षित बनाउन तारजाली र सीसी टिभी क्यामेरा जडान गरिएको छ । उपनिर्वाचनको मतगणना गरिने स्थान चितवन प्रदर्शनी केन्द्रमा तारजाली र सीसी टिभी क्यामेरा जडान गरिएको हो ।

मतगणनास्थलमा सुरक्षा व्यवस्था कडा गर्नेगरी तारजाली र सीसी टिभी क्यामेरा जडानको काम गरिएको सहायक निर्वाचन अधिकृत ईश्वर आचार्यले जानकारी दिए । उनले तारजालीसहित नौवटा सीसी क्यामरा जडान गरिएको बताए ।

चितवनमा विसं २०७४ को स्थानीय तहको निर्वाचनको मतगणनाका क्रममा मतपत्र च्यातिएको घटना अझै पनि चर्चामा छ ।

## ‘मंगलबारसम्म नतिजा आउँछ’



प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया तीन वटै क्षेत्रको मतपरिणाम मंगलबारसम्म आउने बताउँछन् । ‘वैशाख १२ गतेभित्र मत परिणाम सार्वजनिक गर्ने गरी मतगणना हुने छ’ प्रमुख निर्वाचन आयुक्त थपलियाले भनेका छन् ।

निर्वाचन आयोग आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार बारा-२ का सबै मतपेटिका कलैयामा, चितवन २ का सबै मतपेटिका राति १० बजेभित्र भरतपुरमा र तनहुँ-१ का सबै मतपेटिका राति ११ बजेभित्र दमौलीमा ढुवानी भएको छ ।

# संकटमा अर्थतन्त्र

## आश्वासनमा सीमित सरकारी संयन्त्र

वैदेशिक लगानी, विप्रेषण, वैदेशिक सहायता, निर्यात र पर्यटन मात्रै निर्भर रहेको अर्थतन्त्र सुधारका लागि कृषिमा पनि सम्भावनको खोजी गनुपर्ने विज्ञहरु बताउँछन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० वैशाख

गत शुक्रबार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकको अर्थतन्त्र गम्भीर संकटमा नभएको दाबी गरे । काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अर्थतन्त्र चलायमान बनाउन सरकार गम्भीर हुँदा अर्थतन्त्रमा देखिएको संकट हटेको बताएका हुन् । तर, उनले दाबी गरेजस्तो नेपालको अर्थतन्त्र अझै पनि पूर्ण चलायमान नभएको विज्ञहरुले बताउँदै छ । बैंकहरुसँग लगानीयोग्य रकम नहुँदा र अझैपनि आयातको मात्रा बढी हुँदा अर्थतन्त्र जोखिममै देखिएको हो ।

‘अर्थतन्त्र समस्यामा हुन नदिन बाहृय क्षेत्रको बचत प्रयोग गर्ने, बाहिरबाट पूँजी ल्याउने, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनेलगायत काम गर्नुपर्छ, यो सरकारको काम हो, आश्वासन बाँढेर मात्रै केही हुँदैन’ अर्थविद् गोविन्द नेपालले भने । उनले पेट्रोलियम पदार्थ, खाद्यान्न, लत्ताकपडा, गाडी, औद्योगिक कच्चा पदार्थ आयातमा ठूलो वैदेशिक मुद्रा खर्चिनुपरेका कारण समस्या भएको बताएका हुन् ।

भन्सार विभागको तथ्यांकअनुसार चैत मसान्तसम्म मुलुकको कुल व्यापार घाटा १० खर्ब ८३ अर्ब २२ करोड रुपैयाँ रहेको छ भने चैतसम्म १४ खर्ब ६६ अर्ब ६६ करोडको आयात भएको छ । त्यस्तै, निर्यात भने १ खर्ब १८ अर्ब २७ करोडको रहेको छ । मुद्रा सञ्चिति बढाउन सरकारले विलासिताका वस्तुको आयातमा रोक लगाएपनि त्यसको ठूलो प्रभाव भने नपरेको विज्ञ बताउँछन् ।

आयातमा सबैभन्दा बढी पेट्रोलियम पदार्थ देखिएको छ । तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० चैत मसान्तसम्म ९ लाख ५२ हजार १८ किलोलिटर डिजेल आयात भएको छ । जसलाई रकममा रुपान्तरण गर्दा ९ महिनामा १ खर्ब १२ अर्ब ४० करोडको डिजेल आयात भएको देखिन्छ । त्यस्तै, पेट्रोल भने ४९ अर्ब ७४ करोडको आयात भएको छ भने एलपी ग्याँस ४४ अर्ब ८४ करोडको आयात भएको देखिन्छ । जसले गर्दा अर्थतन्त्र सुधारका लागि »» पृष्ठ २ मा

> अर्थतन्त्र समस्यामा हुन नदिन बाहृय क्षेत्रको बचत प्रयोग गर्ने, बाहिरबाट पूँजी ल्याउने, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनेलगायत काम गर्नुपर्छ, यो सरकारको काम हो, आश्वासन बाँढेर मात्रै केही हुँदैन ।
>
> ■ **गोविन्द नेपाल**
> अर्थविद्

## वैदेशिक रोजगार विशेष

# साउदी र मलेसियामा टेलिमेडिसिन सेवा प्रभावकारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० वैशाख

वैदेशिक रोजगार बोर्डले सञ्चालन गरेको वैदेशिक रोजगारमा रहेका कामदार लक्षित टेलिमेडिसिन सेवाप्रति साउदी अरेबिया र मलेसियामा रहेका नेपाली कामदारको चासो बढी देखिएको छ ।

गत चैत १५ गतेदेखि बोर्डले वैदेशिक रोजगारीमा रहेका कामदार हरूको विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य समस्याको समाधान गर्न टेलिमेडिसिन सेवा शुरुवात गरेको थियो ।

बोर्डका अनुसार नेपाली कामदारहरुले १४ वटा देशबाट फोन गरेर स्वास्थ्य समस्या टिपाउने गरेका छन् । कार्यकारी निर्देशक डा. उप्रेतीले साउदी र मलेसियामा रहेका नेपाली कामदारबाट स्वास्थ्य समस्या समाधानको अनुरोध गर्दै धेरै फोन आएको बताए । उक्त मुलुकमा गएका कामदारमध्ये गैरकानूनीरूपमा बसिरहेकाहरू उपचार गर्न नपाएर समस्यामा पर्ने गरेको आंकलन छ । गैरकानूनीरुपमा बसेकालाई विदेशी मुलुकमा स्वास्थ्य उपचार महँगो र खर्चिलो हुँदा उनीहरू समस्या लुकाउन बाध्य हुने गरेका छन् ।

बोर्डले विदेशमा रहेका कामदार हरूले बिदाको »» पृष्ठ २ मा

### वैदेशिक रोजगारका लागि २ सय १५ मेडिकल नवीकरण

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि अनुमति प्राप्त २ सय १५ स्वास्थ्य संस्थाको नवीकरण गरेको छ । मन्त्रालयले वैदेशिक रोजगार ऐनको दफा ७२ अनुसार गत पुस मसान्तसम्म नवीकरण तथा सूचीकरणका लागि निवेदन दिन स्वास्थ्य संस्थालाई आग्रह गरेको थियो । वैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ अनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य »» पृष्ठ २ मा

# बालेनकहाँ पुगेन सिंहदरबारको फोहोर उठाउने आदेश

**विकास लम्साल/मध्यान्ह**
काठमाडौं, १० वैशाख

सिंहदरबारको फोहोर उठाउन सर्वोच्च अदालतले आदेश काठमाडौं महानगरपालिकालाई दिएको छ । तर, आदेश दिएको ७२ घण्टासम्म पनि उक्त आदेश महानगरपालिका पुगेको छैन् ।

रामशाहपथस्थित सर्वोच्च अदालत परिसर र बागबजारस्थित काठमाडौं महानगरपालिकाबीचको दुरी करिब एक किलोमिटर होला । तर, यही दुरीमा रहेको एक कार्यलयबाट अर्को कार्यालयमा आदेशको फाइल पुग्न ७२ घण्टा बढी समय लागेको हो । सिंहदरबारको फोहोर उठाउन सर्वोच्चले दिएको आदेश तीन दिनसम्ममा महानगरपालिका नपुगेको हो ।

गत शुक्रबार न्यायाधीश प्रकाशमान सिंह राउतको इजलाशले आदेशको प्राप्त भएको मितिले ३ दिन भित्र सिंहदरबार भित्रको फोहोर संकलन गरि उठाएर विसर्जन गर्न महानगरपालिकालाई निर्देशनात्मक आदेश दिएको थियो ।

फोहोर उठाउने प्रमुख जिम्मेवारी महानगरको भएपनि मेयर बालेन साहले बैठकबाट औपचारिक निर्णय नै नगराई समाजिक सञ्जालमा लेखेकै भरमा फोहोर उठाउन रोक लगाएका थिए । बालेनले निजी कम्पनीहरुलाई समेत सिंहदरबारभित्रको फोहोर नउठाउन निर्देशन दिएका थिए ।

मेयर साहको यस्तो कदमविरुद्ध अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गरेको रिट निवेदनमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले आदेश प्राप्त भएको मितिले ३ दिनभित्र फोहोर उठाइसक्न महानगरपालिकाका नाममा आदेश जारी गरेको थियो ।

सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले गरेको आदेशमा भनिएको छ, ‘रिट निवेदकले उल्लेख गरेको स्थानको फोहोरहरु आदेश प्राप्त भएको मितिले ३ दिनभित्र संकलन गरी उठाई विसर्जनसमेत अविलम्ब गर्नू, गराउनू भनी काठमाडौं महानगरपालिकाको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ ।’ »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
११ वैशाख २०८०, सोमबार
24 April 2023, Monday

आजदेखि खोप सप्ताह

# चार प्रतिशत बालबालिका खोपबाट बञ्चित

**काठमाडौं/मस**-नेपालमा चार प्रतिशत बालबालिका खोपबाट वन्चित रहेको पाइएको छ। उनीहरुले कुनै पनि खोप लगाउन पाएका छैनन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमका अनुसार विशेष गरी इटाभट्टा, कलकारखानामा काम गर्ने, बालबालिका बिरामी भएर, कोरोना भाइरसको समयमा लकडाउन र सूचना अभावले ती बालबालिका खोप लगाउनबाट वञ्चित हुनुपरेको छ।



उनले भने, 'नेपालमा अहिले पनि ८० प्रतिशत बालबालिकाले खोपको पूर्ण मात्रा तथा १६ प्रतिशत बालबालिका कुनै न कुनै खोपबाट वन्चित छन्।'

मन्त्रालयले खोप लगाउन छुटेका बालबालिकालाई खोजेर खोप लगाउनका लागि आजदेखि १७ गतेसम्म खोप सप्ताह सञ्चालन गर्दैछ। सो अवसरमा सरकारले खोप लगाउन छुटेका बालबालिकाको पहिचान गरी खोप प्रदान गर्ने छ। गौतमले ९५ प्रतिशत बालबालिकामा खोपको पहुँच पुऱ्याइने लक्ष्यसहित खोप अभियान सञ्चालन गरेको बताए।

नेपालमा दादुरा र रुवेलाविरुद्ध दिइने खोपमा ९५ प्रतिशतको पहुँच पुऱ्याउन नसकिएको खोप शाखा प्रमुख डा गौतमले जानकारी दिए। दादुरा र रुवेलाविरुद्धको खोप नौ महिना र १५ महिना दुई पटक दिइन्छ। नेपालमा अहिले १३ प्रकारका रोगविरुद्धको खोप रोग, अपाङ्गता र मृत्युबाट बचाउन बालबालिकालाई खोप दिइन्छ। खोप सप्ताहभर नियमित खोप प्रदान गरिने छ। वैशाख १५ र ३१ गते भने सबै खोप दिइने छ। परिवार कल्याण महाशाखाका निर्देशक डा.विवेककुमार लालले खोप लगाउन छुटेका बालबालिकालाई खोप लगाइ नेपाललाई पूर्ण खोप रहेको सुनिश्चित गर्नका लागि अभियान सञ्चालन गर्न लागेको बताए। खोप लगाउन स्थानीय तह र विद्यालयसँग समन्वय गरिएको छ।

# महालेखापरीक्षकको प्रतिवेदन पेश

**मोरङ/मस**-कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङसमक्ष महालेखापरीक्षकको कार्यालयद्वारा पाँचौं वार्षिक प्रतिवेदन (कोशी प्रदेश) पेश गरिएको छ।



प्रदेश प्रमुख खापुङलाई प्रदेश प्रमुखको कार्यालयमा आइतबार आयोजित एक कार्यक्रमबीच नायब महालेखापरीक्षक पद्मप्रसाद आचार्यले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन हस्तान्तरण गरेका हुन्।

प्रदेश प्रमुख खापुङले प्रतिवेदन ग्रहण गर्दै राष्ट्र हित, देशको आर्थिक स्थिति मजबुद पार्न र आर्थिक अनुशासन कायम गर्न प्रतिवेदनले दिएका सुझाव उपयोगी रहेको बताए। उनले सबै मिलेर महालेखापरीक्षकले दिएको सुझाव कार्यान्वयनलाई सम्बन्धित ठाउँले ध्यान दिन जरुरी छ भन्दै प्रदेश कार्यालयका तर्फबाट पनि सुझाव लागू गर्न अग्रसरता कायम रहने बताए। प्रदेश प्रमुख खापुङले कार्यालयले बेरुजु घटाउन दिएको सातबुँदे सुझाव कार्यान्वयन गरेमा मितव्ययी कायम भई जथाभावी हुने खर्च घट्ने बताए।

नायब महालेखापरीक्षक आचार्यले प्रतिवेदनमा उल्लेख गरिएको सुझावअन्तर्गत नीति तथा कानूनी व्यवस्था, आयोजना तथा कार्यक्रम व्यवस्थापन, बजेट व्यवस्थापन, खरिद व्यवस्था सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण, भौतिक पूर्वाधार विकास र वित्तीय प्रशासन तथा आर्थिक अनुशासन कार्यान्वयन गरेमा बेरुजु घट्ने बताए।

प्रदेशसभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय, समिति तथा अन्य संस्थासमेत दुई सय चार निकायमध्ये यो वर्ष बेरुजु एक अर्ब ६४ करोड ६३ लाख १२ रुपैयाँ देखिएको प्रतिवेदनमा उल्लेख छ। सोमध्ये असुल गर्नुपर्ने रु ३३ करोड ८३ लाख ९७ हजार, नियमित गर्नुपर्ने एक अर्ब १८ करोड ८१ लाख ४५ हजार र पेस्की ११ करोड ९७ लाख ७० हजार रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रदेशमा बेरुजु तीन दशमलव ३६ प्रतिशत रहेको छ भने अद्यावधिक बेरुजु चार अर्ब ९६ करोड ३३ लाख ९४ हजार रहेको छ। प्रदेशमा सबैभन्दा बढी बेरुजु देखिएका मन्त्रालयहरूमा सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय ४९ करोड ६२ लाख ७० हजार, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय ४६ करोड चार लाख १८ हजार, कषि मन्त्रालय २२ करोड ८३ लाख ४९ हजार, वन वातावरण तथा भूसंरक्षण मन्त्रालय रु नौ करोड ११ लाख १८ हजार र स्वास्थ्य मन्त्रालय छ करोड ७३ लाख ५९ हजार रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ।

# सहज बन्दै डायलासिस सेवा

**गण्डकी/मस**-पछिल्लो समय गण्डकी प्रदेशभित्र डायलासिस सेवा सहज बन्दै गएको छ। गण्डकी प्रदेशमा नि:शुल्क डायलासिस सेवा लिने बिरामी पाँच सय ७६ छन् तर तीन सय तीन जना भने अहिले पनि डायलासिसका लागि बाहिरका अस्पताल पुग्छन्।



प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका अनुसार सरकारी नौ र निजी छ गरी १५ वटा स्वास्थ्य संस्थाले डायलासिस सेवा दिँदै आएका छन्। मिर्गौलाका बिरामीको बढ्दो चापलाई ती अस्पतालको क्षमताले मात्र धान्नसक्ने स्थिति छैन। पालो कुर्दा पनि सेवा पाउन नसकेपछि बिरामी अन्यत्र जान बाध्य भएका हुन्। स्वास्थ्य निर्देशनालयका निर्देशक खिमबहादुर खड्काले तीन सय तीन बिरामी प्रदेशभित्रै डायलासिस सेवा लिन पर्खाइमा रहेको बताए।

सबै बिरामीलाई प्रदेशमै सहजरुपमा डायलासिस सेवा प्रदान गर्न स्वास्थ्य संस्थाको क्षमता विस्तार गर्न थालिएको र मनाङ तथा मुस्ताङबाहेकका जिल्लामा डायलासिस सेवा पुगिसकेको उनको भनाइ छ।

कास्कीस्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा २५ श्यया क्षमताको डायलासिस केन्द्र स्थापनाका लागि प्रक्रिया अगाडि बढेको निर्देशक खड्काले बताए।

उक्त केन्द्र सञ्चालनमा आएपछि प्रदेशभित्रै डायलासिसका लागि प्रतिक्षा गरिहेकाको सङ्ख्या शून्यमा झर्ने बताइएको छ। बागलुङस्थित धवलागिरि अस्पतालबाट अहिले ४३ जनाले डायलासिस गराइरहेका छन्।

पाँच वटा मात्र उपकरण रहेकाले पालो बाँडेर सेवा दिनुपर्ने अवस्था रहेको उक्त अस्पतालका प्रमुख चिकित्सक अमित ढुंगानाले बताए।

पाँच वर्षअघि धवलागिरि अस्पतालले डायलासिस सेवा शुरु गरेको थियो। जिल्ला तहमै नि:शुल्क सेवा पाउन थालेपछि बिरामीले राहतको महशुस गर्न थालेका छन्। बिरामी संख्याको तुलनामा अस्पतालमा श्यया र उपकरण भने अझै कम छ। प्रदेशअन्तर्गतका सबै अस्पतालको क्षमता बढाएर मिर्गौलाका सबै बिरामीलाई सहजरुपमा डायलासिस सेवा प्रदान गर्ने योजनामा प्रदेश सरकार छ। मिर्गौला रोगी बढ्न थालेपछि डायलासिस सेवा विस्तारलाई प्रदेश सरकारले प्राथमिकता दिएको सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङले बताए। पोखरामा शुरु हुन लागेको २५ श्ययाको डायलासिस केन्द्रका लागि चाहिने स्वास्थ्यकर्मीको दरबन्दी सिर्जनासमेत भइसकेको उनको भनाइ थियो। जिल्ला अस्पतालको क्षमताले नभ्याएपछि प्रदेशको राजधानी पोखरामा डायलासिस गर्नुपर्ने बिरामीको चाप बढ्दो छ।

## अनलाइन ठगीको आरोपमा ६ जना पक्राउ

**काठमाडौं/मस**-अनलाइनबाट ठगी गरेको आरोपमा धनुषा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ। टल्विन लाइफ नेटवर्किङ ब्राउजरबाट लाखौंको ठगी गर्ने गिरोहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। पीडितहरुको जाहेरीका आधारमा अनलाइन ठगीमा संलग्न रहेका ६ जनालाई पक्राउ गरिएको हो। पक्राउ पर्नेमा विदेह नगरपालिका १ का ४० वर्षीय संजिव भिनवार यादव, कमला नगरपालिका ३ का २५ वर्षीय रंजित यादव, जनकपुरधाम उप-महानगरपालिका १७ का ३३ वर्षीय अंदेश महतो, जनकपुरधाम १६ का ३३ वर्षीय पप्पु पुर्वे, जनकपुरधाम १२ का ४८ वर्षीय उसमान साफी र जनकपुरधाम १२ का २० वर्षीय मोहम्मद जिलानी साफी रहेका छन्।

टल्विन लाइफ नामक एक अमेरिकी संस्थाले इन्टरनेट मार्फत बाइनेन एप्लिकेसनबाट एकाउन्टमा पैसा लोड गरेर यो कारोबार गर्दै आएको थियो। पक्राउ परेकाहरुले अहिलेसम्म १ हजार ९१ जना संग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा ४ हजार ५ सयको दरले ४९ लाख ९ हजार ५ सय बराबरको रकम ठगी गरेको प्रहरीको दाबी छ।

# वीरेन्द्रनगरमा जुवातास खेलिरहेको अवस्थामा ५ जना पक्राउ

**सुर्खेत/मस**-वीरेन्द्रनगरमा जुवातास खेलिरहेको अवस्थामा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ। वीरेन्द्रनगर नगरपालिका ६ मा जुवातास खेलिरहेको गोप्य सूचनाको आधारमा नगर प्रहरी कार्यालय सुर्खेतबाट खटीएको प्रहरी टोलीले शनिबार साँझ उनीहरुलाई नगद २४ हजार २ सय ८५ रुपैयाँ र तीन बुक ताससहित पक्राउ गरेको हो।



पक्राउ पर्नेमा वीरेन्द्रनगर ५ का वर्ष ४३ का धुव्र पुरी, सोही ठाउँका वर्ष ५३ का प्रकाश गुरुङ, वर्ष ५७ का तप बहादुर राना, वर्ष ४६ का खड्कबहादुर रावत र दैलेखको दुल्लु नगरपालिका ११ घर भई हाल विरेन्द्रनगर नगरपालिका-३ बस्ने वर्ष ४६ को अमर भण्डारी रहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ। उनीहरुलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### संकटमा...

विद्युतीय सवारी र चुलोको प्रयोग गर्न विज्ञले सुझाव दिदैं आएका छन्। तरपनि, उक्त विषय कडाइका साथ लागू नहुँदा व्यापार घाटा बढ्ने र अर्थतन्त्र कमजोर हुने डर बढिरहेको छ। व्यापार घाटा कम हुनुलाई राष्ट्रिय अर्थतन्त्रका हिसाबले सकारात्मक मानिए पनि नेपाल जस्तो आयातमुखी अर्थतन्त्रमा त्यसको प्रत्यक्ष प्रभाव राजस्वमा पर्दै आएको छ।

वैदेशिक लगानी, विप्रेषण, वैदेशिक सहायता, निर्यात र पर्यटन मात्रै निर्भर रहेको अर्थतन्त्र सुधारका लागि कृषिमा पनि सम्भावनको खोजी गनुपर्ने विज्ञहरु बताउँछन्। सरकारी निकायका प्रमुखहरुको आश्वासन दिने तर, कार्यान्वयनको पाटोमा भने कमजोर प्रस्तुति देखिदाँ अझैपनि बलियो अर्थतन्त्र निर्माण हुन सकेको छैन।

### साउदी...

दिनबाहेक ह्वाट्सएप, भाइबर र इमो जोडिएका ९८५१३४५७०२ र ९८५१३४५७०१ नम्बरमा फोन गरेर स्वास्थ्य समस्या राख्न पाउने व्यवस्था मिलाएको छ।

साउदीपछि दोस्रो बढी सेवा लिनेमा मलेसियामा रहेका कामदारहरु रहेका छन्। ठूलो संख्यामा नेपाली रहेको मलेसियामा पनि गैरकानूनीरूपमा बसेका नेपाली उल्लेख्य मात्रामा रहेको बताइन्छ।

### वैदेशिक...

परीक्षणका लागि नवीकरण हुन पुस मसान्तभित्र निवेदन दिनुपर्ने प्रावधान छ। गत वर्ष मन्त्रालयले २ सय १६ स्वास्थ्य संस्था नवीकरण गरेको थियो। मन्त्रालयले तोकिएका शर्त पूरा नगरेको अवस्थामा संस्था नवीकरण नगरी कारोबार रोक्का गर्ने बताएको छ।

### बालेनकहाँ...

संविधानका अनुसूचीमा भएका प्रावधान र प्रचलित कानून अनुसार सरसफाई, फोहोर व्यवस्थापनको काम स्थानीय तहको जिम्मेवारीमा रहेको भन्दै सर्वोच्च अदालतले सिंहदरबारको फोहोर संकलन गरी विसर्जन गर्नुपर्ने दायित्व काठमाडौं महानगरपालिकाको हुने भन्दै ध्यानाकर्षण गराएको हो।

आदेशमा भनिएको छ, 'फोहरमैला विसर्जन गरिने स्थान वा ल्याण्डफिल्ड साइट अरु स्थानीय तह अन्तर्गतको स्थानमा पर्न जाँदा त्यहाँको बासिन्दा, स्थानीय तह, सरोकारवाला र काठमाडौँ महानगरपालिकासँग समेत आवश्यक समन्वय, उचित सहकार्य र सार्थक सहयोग पुऱ्याइ स्वच्छ वातावरण कायम गर्नुपर्नेतर्फ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेतको गम्भीर ध्यानाकर्षण गराइएको छ।'

हरेक नेपाली नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हक हुने भन्दै सर्वोच्च अदालतले फोहोर व्यवस्थापन नभई वातावरण प्रदुषित भएमा सबै आक्रान्त हुनसक्ने र महामारी फैलनसक्ने औंल्याएको छ। केही दिनयताको विवरणमा काठमाडौं उपत्यका विश्वकै प्रदुषित शहरमा परेको भन्दै सर्वोच्च अदालतले तत्काल फोहोर व्यवस्थापन गर्नु भनी आदेश दिएको हो।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले सिंहदरवार, बालुवाटार र शितल निवास क्षेत्रको फोहोर संकलन गर्ने भनी सामाजिक सञ्जालमा अभिव्यक्ति दिएपछि फोहोर उठ्न रोकिएको थियो।

यही विषयलाई जानकारीमा लिदै सर्वोच्च अदालतले जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि स्वच्छ र स्वस्थ वातावरण कायम गर्न राज्यका निकायहरु लगायत नागरिकको सामूहिक प्रयास हुनुपर्ने भन्दै काठमाडौं महानगरपालिकाको ध्यानाकर्षण गराएको हो।

आदेशमा भनिएको छ, 'सिंहदरबार लगायतका ठाउँहरुको फोहोर नउठाएको र विसर्जन नगरेको क्रियाकलाप एवं गतिविधिले वातावरण दिनानुदिन प्रदुषित भइरहेको र प्रदुषित वातावरणले आम जनमानसलाई प्रत्यक्ष असर परिरहेको देखिँदा कत्ति पनि ढिलाई नगरी उल्लिखित क्षेत्रमा जम्मा हुन पुगेको फोहोर अविलम्ब संकलन गरी उठाइ विसर्जन गर्नुपर्ने देखियो।'

तर, उक्त आदेशको पत्र तीन दिन सम्म नै महानगरपालिका पुगेको नपुगेको पाइएको छ। महानगरपालिकाका प्रवक्ता नविन मानन्धर सर्वोच्चको आदेशको पत्र प्राप्त नभएको बताउँछन्। आदेशको पत्र प्राप्त भएपछि के गर्ने भन्ने विषयमा निर्णयमा पुग्ने उनको जवाफ छ।

**Bagmati Province Government**
**Ministry of Physical Infrastructures Development**
## Urban Development and Building Office
**Hetauda, Makwanpur**

## Invitation for Bids

**Date of publication: 2080/01/11**

The Urban Development and Building office (UDBO), Bagmati Province, Hetauda, Makawanpur invites electronic bids for Nepalese eligible bidders for the Procurement of following works under NCB And SQ procedures.

| S.N. | Contract Identification No. | Brief description of the Works | T. Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) | Bid submission Date |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/MAK/NCB/WORK/2079/80-15 | Construction of Radhakrishna Tole Bikash (Durga Prasad ko Ghar Dekhi Bhakat Bahadur ko Ghar samma ko bato) Baratpur-08, Chitwan | 2,499,170.59 | 3000.00 | 50,000.00 | 2023-05-24 (12:00hours) |
| 2 | UDBO/MAK/SQ/WORK/2079/80-01 | Construction of Samudayika Sadrava Pravadhana Kendra Bhavana Nirman Hetauda-11, Makawanpur | 1999624.36 | 1000.00 | 45,000.00 | 2023-05-09 (12:00 hours) |
| 3 | UDBO/MAK/SQ/WORK/2079/80-02 | Construction of Radhakrishna Tole Bikash Sadak Slab Dhalan Bharatpur-08, Chitwan | 1,999,738.15 | 1000.00 | 45,000.00 | 2023-05-09 (12:00 hours) |

1. The bidder shall submit their bid through e-submission procedure only.
2. For further more information refers the bids published at www.bolpatra.gov.np or Contract Urban Development and Building office Hetauda, Makawanpur, 057-520344, udbomak@gmail.com.

**Acting Office Chief**

हुम्ला डायरी
ओबराज शाही/मध्यान्ह

# २५ मिनेट मोटरसाइकल चढेको भाडा १७ सय रुपैयाँ !

हुम्लाको दक्षिणी क्षेत्रको सर्केगाडमा यात्रा गर्ने यात्रुले २५ मिनेट मोटरसाइकल चढ्दा १ हजारदेखि १ हजार ७ सय रुपैयाँसम्म भाडा तिर्ने गरेका छन् । सर्केगाड गाउँपालिका केन्द्र सर्केगाडबाट स्याल्तडी, स्याल्तडीबाट सलीसल्ला र सलीसल्लाबाट चंखेली गाउँपालिकाको केन्द्र पिप्लाङसम्मको यात्रा गर्दा मोटरसाइकलले सो भाडा असुल्ने गरेको स्थानीय प्यारुजन शाही बताउँछन् ।



कच्ची सडक त्यसमाथि मोटरसाइकलमा तीन जनासम्म राख्ने गरेका कारण यात्रा पनि जोखिमपूर्ण रहेको छ । मोटरसाइकलमा २५ मिनेट लाग्ने सो सडकमा पैदल यात्रा गर्दा दुई घण्टा समय लाग्ने भएपनि सर्केगाडको स्याल्तडीदेखि चंखेली गाउँपालिकाको केन्द्र पिप्लाङसम्मको सडकमा मोटरसाइकल सञ्चालनमा आएपछि यात्रु पनि हिँड्नु भन्दा जोखिमपूर्ण यात्र गर्न राजी हुने गरेका छन् ।

मोटरसाइकल चालकहरूले भनेजति भाडा तिर्ने भए यात्रा गराइदिने नभए नमान्ने भएपछि बाध्य भएर महँगो भाडा तिरेर भए पनि यात्रुहरु यात्रा गर्ने गरेको पत्रकार महासंघ हुम्लाका अध्यक्ष राजन रावतले बताए ।

सलीसल्लाबाट सर्केगाडसम्म १० किलोमिटर दुरीमा मोटरसाइकलबाट यात्रा गर्ने यात्रुले १ हजार, सर्केगाडबाट स्याल्तडीसम्म ७ किलोमिटर दुरीमा मोटरसाइकलबाट यात्रा गर्ने यात्रुले १ हजार ७ सय र सलीसल्लाबाट चंखेली गाउँपालिकाको केन्द्र पिप्लाङसम्म ८ किलोमिटर दुरीमा मोटरसाइकलबाट यात्रा गर्ने यात्रुले १ हजार भाडा तिर्ने गरेका छन् ।

सो खण्डको कच्ची सडकमा पठाओ जस्तै यात्रु बोक्ने मोटरसाइकलले एकचोटीमा चालकसहित ३ जना बोक्ने र मनोमानीरुपमा भाडा उठाउँदै आएको उनले बताए । मोटरसाइकलमा यात्रा गर्ने १ जना मात्र भए चालकले आफूखुसी भाडा लिने गरेको उनको गुनासो छ । सर्केगाडमा प्रहरी चौकी र ट्राफिक प्रहरी भएपनि मोटरसाइकलमा नियम विपरीत ३ जना मानिस बोकेर चर्को भाडा उठाउँदासमेत मुकदर्शक बनेको उनले बताए ।

# किसानलाई न्यून मुल्यमा तरकारीको बीउ



हिमाली जिल्ला हुम्लाको कृषि क्षेत्रमा सहयोग पुग्ने हितुले तरकारीको बीउ न्यून मुल्यमा बिक्री वितरण गरिएको छ । जिल्लाको सदरमुकामसँग जोडिएको खार्पुनाथ गाउँपालिका वडा नं ५ ले न्यून मुल्यमा बीउ बिक्री वितरण गरेको हो ।

किसानलाई केहीहदसम्म भएपनि तरकारी उत्पादन गरेर घर खर्च चलाउन सहयोग पुग्ने लक्ष्यले सात प्रकारका बीउ न्यून मुल्यमा बिक्री वितरण गरिएको खार्पुनाथ गाउँपालिका वडा नं ५ का अध्यक्ष भरतजंग शाहीले बताए । उनका अनुसार बजारमा उक्त बीउ किन्दा प्रति प्याकेट १ सय ५० रुपैयाँ पर्ने भएकाले न्यून आयस्रोत भएका किसानले किन्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै वडाले ३ सय ७० घरदुरीलाई सात प्रकारका बीउ दश रुपैयाँमा वितरण गरेको हो ।

रायो, तितेकरेला, गाँजर, बन्दा, काउली, धनिया र गोलभेडाको बीउ वितरण गरिएको हो । बर्खा सिजन शुरु भएकाले यो तरकारीको बीउ उपयुक्त भएको किसान गोर्ख शाहीले बताए । उनले वडाबाट न्यून मुल्यमा सात प्रकारका बीउ पाएपछि खुसी लागेको प्रतिक्रिया दिए । त्यस्तै किसान धना शाहीले बजारमा किन्दा सात प्रकारका बीउ किन्न नसक्ने अवस्थामा वडा बाट बीउ पाउँदा आर्थिकरुपमा सहयोग पुग्ने बताइन् । आइतबार वडा कार्यालयमा बीउ वितरण गरिएको हो ।

# अनधिकृतरूपमा प्रकाशन भएका पात्रोहरू नियन्त्रण गरिने

**काठमाडौं/मस-** गृह मन्त्रालयले अनधिकृतरूपमा प्रकाशन भएका पात्रो, भित्तेपात्रो र गोजीपात्रोको निरीक्षण अनुगमन गरी नियन्त्रण गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ ।

मन्त्रालयका उपसचिव भीमकान्त शर्माले जारी गरेको परिपत्रमा मन्त्रिपरिषद्ले समेत सार्वजनिक बिदाका सम्बन्धमा निर्णय लिँदा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले तयार पारेको 'डेट प्याड' समेतलाई आधार लिने गरेको तथा पात्रो, भित्तेपात्रो र गोजीपात्रोको स्वीकृति दिने काम पनि समितिकै भएको उल्लेख छ ।




पात्रो, भित्तेपात्रो र गोजीपात्रो प्रकाशन गरी बिक्री, वितरण गराउने काम समितिको गठन आदेश, २०७७ मा उल्लेख भएकाले अनधिकृतरूपमा स्वीकृति नलिई प्रकाशन भएका पात्रो, भित्तेपात्रो र गोजीपात्रोलाई कारबाही गर्न मन्त्रालयले परिपत्र गरेको हो ।

समितिको आन्तरिक व्यवस्थापन दिग्दर्शन, २०७९ मा पञ्चाङ्ग (पात्रो), भित्तेपात्रो र गोजीपात्रो प्रकाशन गर्न चाहनेले नियमानुसार स्वीकृति लिनुपर्ने उल्लेख छ । स्वीकृति लिएर प्रकाशन भए/नभएको स्थानीयरूपमा निरीक्षण तथा अनुगमन जिल्ला प्रशासन कार्यालयबाट हुने व्यवस्था समितिको दिग्दर्शनमा रहेको परिपत्रमा उल्लेख छ ।

सरकारले बिदा स्वीकृत गर्नुपूर्व नै स्वीकृति नलिई गलत मुहूर्त र चाडपर्व राखी प्रकाशन भएका पात्रो, भित्तेपात्रो र गोजीपात्रो बजारमा छ्याप्छ्याप्ती रहेकाले निरीक्षण एवं अनुगमन गरी सचेत गराउन र आगामी वर्षदेखि यस्ता काम कारबाही नियन्त्रण गर्न/गराउन पनि मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिएको छ ।

मन्त्रालयले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्राचारबमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरिएको उपसचिव शर्माले बताए । गृह मन्त्रालयको परिपत्रपछि अनधिकृतरूपमा प्रकाशन भइरहेका पात्रो, भित्तेपात्रो र गोजीपात्रोका कारण चाड, पर्व, तिथि, मितिका बारेमा हुने समस्या समाधान हुने विश्वास लिएको समितिले जनाएको छ ।

# तलब सुविधा माग गर्दै ज्ञापनपत्र

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १० वैशाख

गढिमाई नगरपालिकामा कार्यरत कर्मचारीले तलब दिन माग गर्दै कार्यालय प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापन बुझाएका छन् ।

नगरपालिकामा विभिन्न पदमा कार्यरत करारका कर्मचारीले लामो समय देखिको तलब सुविधाको माग गर्दै निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव समक्ष ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्र बुझ्दै निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले तलव सुविधाको व्यवस्थापनमा लागि परेको बताए । गत वर्षको वैशाख १५ गते देखि हाल सम्म बाँकी तलव सुविधा उपलब्ध गराउन ज्ञापनपत्र मार्फत करारका कर्मचारीले माग गरेका छन् । नगरपालिकाको आन्तरिक श्रोत निकै घटेका कारण करारका कर्मचारीलाई तलव सुविधा दिन नसकिएको लेखा शाखा प्रमुख कामेश्वर सहनीले बताए ।

करारका कर्मचारीले मागदाबी गरे अनुसारको तलव सुविधा बाँकी नरहेको र सबै कर्मचारीको नियुक्ति पत्र म्याद थप लगायतका कागजात माग गरिएको लेखाशाखा प्रमुख सहनीले बताए । गढिमाई नगरपालिकामा पटक-पटक तलव माग गर्दा पछिल्लो एक वर्षदेखि सुनुवाइ नगरिएका कारण बाध्यता बस ज्ञापनपत्र बुझाउनु परेको, १५ गते हुने पेन डाउन लगायतका कार्यक्रममा कर्मचारी उपर हुने हानी नोक्सानीको सम्पूर्ण जिम्मेवारी नगर प्रमुख श्याम प्रसाद यादव र निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले लिनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

# बस दुर्घटनामा एक जनाको मृत्यु, ३८ घाइते



**रामपुर/मस-** पाल्पामा यात्रुवाहक बस दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । पाल्पा बुटवल सडकखण्डको तिनाउँ गाउँपालिका-५ जोरधारामा भएको यात्रुवाहक बस दुर्घटनामा रुपन्देहीको देवदह नगरपालिका-३ सूर्यपुराकी ३६ वर्षीया राधिका पौडेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी वीरेन्द्र थापाले बताए ।

बुटवलबाट बाग्लुङको बुर्तिवाङतर्फ जाँदै गरेको लु१ख ५९५६ नंको बस आइतबार बिहान सवा ९ बजे दुर्घटना भएको हो । चालकसहित ३८ जना घाइते भएका छन् । घाइते ३८ जनाको उद्धार गरी पाल्पाको लुम्बिनी मेडिकल कलेजमा प्रभासमा उपचार भइरहेको छ । घाइतेमध्ये पाँचजनाको अवस्था गम्भीर रहेको लुम्बिनी मेडिकल कलेजले जनाएको छ । चालक अर्घाखाँचीका ४० वर्षीय तुल्सीराम पाण्डेसहित सबैको लुम्बिनी मेडिकल कलेज तानसेन प्रभासमा उपचार भइरहेको छ । बस राजमार्गभन्दा करिब एक सय मिटर तल भिरमा खसेर अड्किएको अवस्थामा छ । बायाँतर्फबाट आएको बस दायाँतर्फ भिरमा खसेकाले घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बुढीगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**कोशी प्रदेश, मोरङ, नेपाल**

**उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

**डिभिजन वन कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको**
**लिलाम बिक्री सम्बन्धी सूचना**
**सूचना प्रकाशन मिति २०८०/०१/११**

यस कार्यालय अन्तरगतको कार्यक्षेत्र भित्र सङ्कलन भई घाटगद्दीमा रहेको विभिन्न जातको ९०८.८५ क्यू फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम सूचीकृत भएको काठ, दाउरामा आधारित उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेभसाईट www.dfosurkhet.gov.np मा विस्तृत सूचना हेर्न सकिनेछ । यस कार्यालय अन्तरगतको कार्यक्षेत्र भित्र सङ्कलन भई घाटगद्दीमा रहेको विभिन्न जातको ९०८.८५ क्यू फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम सूचीकृत भएको काठ, दाउरामा आधारित उद्योगले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेभसाईट www.dfosurkhet.gov.np मा विस्तृत सूचना हेर्न सकिनेछ ।

## तु-आवश्यकता

**यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकोले योग्य व्यक्तिहरुले आफ्नो बायोडाटा (CV) सहित यथासिघ्र सम्पर्क गर्नुहोला ।**

**Documentation Officer -2 (Male/Female)**
**PRO -3 (Male/Female)**
**Receptionist -2 (Female)**

SALARY Negotiable

योग्यता: PRO को लागि सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ । Documentation को लागि Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित काममा २ देखि ३ बर्ष अनुभवीलाई विशेष प्राथमिकता दिनइनेछ । Receptionist को लागि +2 Pass का साथै अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न सक्नुपर्नेछ ।

9841449563

(डि.के. रिभर ओभरसिज प्रा.लि.)
DK River Overseas (P.) Ltd.
(Govt.Lic. No. 1102/073/074
Tokha-9, Gongabu, Kathmandu, Nepal
Tel: 4980932 | 4982214 | 4955132
Mob: 9851219532 | **9841449563, Email: dkriverhr@gmail.com**

## ललितपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः- २०८०/०१/११**

ललितपुर महानगरपालिकाको कार्यालयबाट मिति २०७९/११/०७ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिका र www.bolpatra.gov.np/egp मा प्रकाशित गरिएको तपशिलको निर्माण कार्यको लागि निर्धारीत समयावधी भित्र रितपुर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता न्यून मुल्यांकिंत भइ सारभुतरुपमा प्रभावग्राहि पाइएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ प्रायोजनार्थ सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने बोलपत्रदाता | कबोल रकम रु. (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1. | LMC-NCB-WORKS-079/80-06 | Construction of Tourist Toilet at Patan Museum | PP & P/ SRIJANSHIL JV | 1,10,75,201.36 |

**कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीसम्बन्धी ३५ दिने गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०७९/११/१५**
**दोस्रो पटक प्रकाशन मिति : २०८०/०१/११**

यस संस्थाको तपशिलमा उल्लेखित तपाईंको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न/बुझाउनका लागि यो ३५ दिने सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र संस्थामा तिर्न/बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईंले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराइन्छ । साथै संस्थाको साँवा, ब्याज र हर्जाना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्चसमेत तपाईंबाट लेना रकम सरह असुलउपर गर्ने व्यहोरा पनि जानकारी गराउँदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईं ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचालित कानून बमोजिम असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | ऋणी : पुरुषोतम धिताल<br>बुबा : श्याम प्रसाद धिताल<br>बाजे : राम प्रसाद धिताल<br>ठेगाना : जितपुर-४, काठमाडौं । | नाम : जयन्ती अधिकारी धिताल<br>श्रीमान् : पुरुषोतम धिताल<br>बाजे : श्याम प्रसाद धिताल<br>ठेगाना : जितपुर-०४, काठमाडौं । | काठमाडौं, जितपुर<br>वडा नं ०२ ग<br>कि.न. १४६<br>क्षेत्रफल :०-५-०-० |

**लिलामी तालिका**

**मिति : २०८० जेठ १६ गते मंगलबार**
**स्थान : संस्थाको कार्यालय**
**समय : बिहान ११:00 बजेदेखि दिउँसो ३:00 बजेसम्म**

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
**डिल्लीबजार, काठमाडौं, फोन : ०१-४४३५७७९-०१-४४३४३२०**
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

११ वैशाख २०८०, सोमबार
24 April 2023, Monday

## सम्पादकीय

# नागरिक निराशाको सन्देश

आइतबार सम्पन्न प्रतिनिधिसभा सदस्यका लागि भएको तीन क्षेत्रको उपनिर्वाचनमा ६० प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ । बारा–२ मा ६४ प्रतिशत, तनहुँ–१ मा ५३ प्रतिशत र चितवन–२ मा ६३ प्रतिशत खसेको छ । गत मंसिरमा सम्पन्न निर्वाचनमा बारामा ६४ प्रतिशत, तनहुँमा ५३ र चितवनमा ६३ मत खसेको थियो । तर उपनिर्वाचनमा आमनिर्वाचन भन्दा कम मत खसेको छ । यसका अनेक कारण होलान् । किनकि आमनिर्वाचन जस्तो उत्साहका साथ मतदाता उपनिर्वाचनमा सहभागी हुँदैनन् । देशभर मतदान हुँदाको बातावरण अलग हुन्छ । तर उपनिर्वाचनका लागि दलहरूले जसरी शक्ति परिचालन गरेका थिए, त्यसअनुसार मत नखस्नुलाई महत्वका साथ हेर्न सकिन्छ ।

दलहरूले उपनिर्वाचनलाई राजनीतिक प्रतिष्ठाकै विषय बनाएका थिए । तनहुँमा नेपाली कांग्रेस परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट डा. स्वर्णिम वाग्लेले उम्मेद्वारी दिएका कारणले चासोका साथ हेरिएको थियो । कांग्रेस सभापति शेरबहादुर देउवा, महामन्त्रीहरू गगन थापा र विश्वप्रकाश शर्मा सहित नेताहरू त्यहाँ परिचालित भएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तनहुँसहित उपनिर्वाचन भएका तीन वटै क्षेत्र पुगेर मत मागेका थिए । कांग्रेससहित सत्तारूढ गठबन्धनले तनहुँमा गोविन्द भट्टराई, चितवनमा जितनारायण श्रेष्ठ र बारामा उपेन्द्र यादव उम्मेद्वार छन् । बारामा जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव उम्मेद्वार भएकैले विशेष चासोका साथ हेरिएको छ । त्यहाँ जसपाका पुरा नेताहरू उत्रिएका थिए । कांग्रेस सभापति देउवा, प्रधानमन्त्री प्रचण्ड र पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल समेत यादवलाई मत माग्न पुगेका थिए । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसहित ठूलो शक्ति एमालेका उम्मेद्वार पुरूषोत्तम पौडेललाई जिताउन परिचालित भएका थिए । चितवनमा रास्वपा सभापति रवि लामिछानेका कारणले जबर्जस्त उपनिर्वाचनको माहोल बनेको थियो ।

तर खसेको मत प्रतिशत घटेको छ । यसलाई दलहरूले हल्का रूपमा लिन मिल्दैन । यसैबेला पूर्व राजा ज्ञानेन्द्र शाहको दौडधुप बढ्नु, राजावादी शक्ति राप्रपा चुनावी नतिजाबाटै उत्साहित हुनु र दलहरूप्रति नागरिक निराशा बढ्नुको एउटै सन्देश हो– प्रमुख दलहरूले नागरिक विश्वास गुमाउँदैछन् । मुख्य दलहरूले विश्वास गुमाउनुको सम्बन्ध वर्तमान व्यवस्था र संविधानसँग जोडिएको छ । तसर्थ उनीहरू कमजोर हुनु भनेको संविधान र व्यवस्था बलियो हुनु होइन । यसतर्फ प्रमुख दलका नेतृत्वले गम्भीर भएर सोच्न आवश्यक छ । नत्र, नागरिक आक्रोशमा फेरि पनि मुलुक व्यवस्था परिवर्तनकै चक्रमा फस्ने खतरा थप मजबुत बनेर जानेछ ।

मुलुकको पत्रकारिता क्षेत्रलाई मर्यादित तुल्याउन अभिभावकीय भूमिका निर्वाह गर्दै आएको प्रेस काउन्सिल नेपालले ५३ वर्ष पूरा गरेको छ । स्वस्थ पत्रकारिताको विकास एवम् सञ्चार माध्यम र पत्रकारलाई राष्ट्, समाज र नागरिकप्रति जिम्मेवार बनाउने उद्देश्यका साथ स्थापना भएको काउन्सिलले पत्रकारिताको क्षेत्रमा देखिएका बेथिति, विसङ्गति र दुष्प्रचारको अन्त्य गरी पत्रकारिता पेसालाई मर्यादित र जिम्मेवार बनाउन आचारसंहिताको कार्यान्वयन गर्दै आएको छ । प्रेस काउन्सिल नेपाल नेपाली मिडिया, सञ्चारकर्मी र सरकारबीचको सेतुको रूपमा रहँदै आएको छ । स्वच्छ, स्वतन्त्र, मर्यादित र विश्वसनीय पत्रकारिताको पक्षमा क्रियाशील रहेको छ । मिडियाको नीति बनाउने सवालमा सल्लाहकारको भूमिकामा रहेर काम गरिरहेको छ । प्रस्तुत छ, सञ्चारमाध्यमलाई अनुशासित र व्यवस्थित बनाउन तथा न्यू मिडिया र सामाजिक सञ्जालले ल्याएका चुनौतीको समाधानलगायत विषयमा काउन्सिलको भूमिकाका सन्दर्भमा अध्यक्ष **बालकृष्ण बस्नेत**सँग राष्ट्रिय समाचार समिति (रासस)का आलेख प्रमुख **कृष्ण अधिकारी**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘पत्रकार बन्न परीक्षा दिने व्यवस्था हुनुपर्छ’



**यहाँले प्रेस काउन्सिल नेपालको अध्यक्षको जिम्मेवारी पूरा गर्नुभएको करिब दुई वर्ष भएको छ । यस अवधिलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?**

मैले काउन्सिलको जिम्मेवारी लिइरहँदा राजनीतिक अस्थिरता र कोभिडको महामारीले समग्र देशको मिडिया क्षेत्र नराम्ररी प्रभावित बनेको अवस्था थियो । झण्डै तीन वर्षदेखि लोककल्याणकारी विज्ञापन रोकिएको अवस्था थियो । त्यसै त संकटमा परिरहेका पत्रपत्रिकालाई राज्यबाट पाउने सुविधा लामो समयदेखि रोकिँदा कति समस्या झेल्नुपरिरहेको थियो होला । म आउने वित्तिकै रोकिएको वर्गीकरण प्रक्रियालाई टुङ्ग्याउनतिर लागेँ । र केही महिनाभित्रै देशभरका पत्रपत्रिकाले राहत पाए । वर्गीकरणको मापदण्डलाई समेत वैज्ञानिक र थप पारदर्शी बनाएका छौँ ।

यो बीचमा स्थानीय तहको चुनाव, प्रतिनिधिसभा र प्रदेश सभाको चुनाव सम्पन्न भए । चुनावको मिडियाको अनुगमनमा काउन्सिलको प्रभावकारी र सन्तुलित भूमिका देखियो भन्ने प्रतिक्रिया पाएका छौँ । पत्रकार तथा सञ्चारमाध्यमलाई आचारसंहिताभित्र रहेर समाचार प्रेषित गर्न, सञ्चार सङ्गठन समेतलाई सचेत र जिम्मेवार बनाउन काउन्सिल क्रियाशील रह्यो । युट्युबसहित सामाजिक सञ्जालबाट हुने गालीगलौज रोक्न विभिन्न सन्देशमूलक अभियान थालेका छौँ ।

अन्यत्रबाट हुबहु सार्ने अनलाइन, पत्रपत्रिकालाई कारबाही गर्ने, बार्गेनिङ्ग पत्रकारितालाई निरुत्साहित गर्न विभिन्न काम हुँदै आएका छन् । पत्रकारिताको आवरणमा गलत काम गर्ने पत्रकार, प्रेस पास र पहेँलो ज्याकेटको दुरूपयोग गर्नेलाई काउन्सिलले उच्च निगरानीमा राख्दै कालोसूचीमा राख्ने तहसम्मको कारबाही गर्दै आएको छ ।

छापा माध्यमले भोग्नुपरेका अनेक समस्या, युट्युबसहित सामाजिक सञ्जालका समस्यालाई समाधान गर्न विभिन्न अध्ययन प्रतिवेदन तयार भएका छन् । संविधानअनुसार बन्नुपर्ने कतिपय कानूनको तर्जुमा एवं विद्यमान कानूनमा देखिएका कमजोरीको परिमार्जनका लागि सरकारलाई सुझाव दिने काम भएको छ ।

**अझै पनि पत्रकार आचारसंहिताको उल्लंघन गर्ने क्रमलाई नियन्त्रण गर्न सकिएको छैन । यसो हुनेमा के कारण देख्नुहुन्छ ?**

आचारसंहिता भनेको स्वनियम हो, कडा कानून बनाएर नियन्त्रण गर्ने भन्ने होइन । यसमा सञ्चार माध्यम र तिनमा काम गर्ने पत्रकार स्वयम् जिम्मेवार र उत्तरदायी हुनुपर्छ । केही राम्रा र नमुना खाले सञ्चारमाध्यम पनि छन् । आचारसंहिताको चरम उल्लंघन गर्ने पनि छन् ।

पत्रकारिताको आवरणमा गलत काम गर्ने प्रवृत्ति झाँगिएको छ । युटयुबसहित सामाजिक सञ्जाल आफूखुसी सञ्चालन हुँदा त्यसको नराम्रो प्रभाव छ । कुन सञ्चारमाध्यम हो, कुन होइन भन्ने छुट्याउनै गाह्रो हुने स्थिति छ । कसलाई पत्रकार भन्ने गाह्रो हुने अवस्था आइसक्यो । काउन्सिलले यी कुरामा केन्द्रित भई सामाजिक सञ्जालसमेतको कन्टेन्ट अनुगमन र प्रवृत्तिगत अध्ययनसमेत गर्दै आएको छ ।

युट्युबर पत्रकार हुन् कि होइनन् भन्ने बहस पनि छ । कहीँ कतै दर्ता हुनु नपर्ने, समाचार के हो ? पत्रकारिताको आधारभूत मूल्य मान्यता, सिद्धान्त के हो नबुझी ‘कन्टेन्ट’ दिने युट्यूब पनि छन् । त्यस्ता युट्यबर पनि आफूलाई पत्रकार दाबी गर्छन् । प्रेस कार्ड भिर्छन् । पहेँलो ज्याकेट लगाउँछन् । हामीले यस्ता खाले जबरर्जस्तीलाई रोक्न, सञ्चारमाध्यमको परिचय दिनुपर्ने भए विधिवत् प्रक्रियामा आउन सहजीकरण गर्दै आएका छौँ । सञ्चारमाध्यमको कानूनी दायरा भित्र नसमेटिने तर जथाभागी विषयवस्तु पस्केर अराजकता फैलाउनेविरुद्ध विशेष निगरानी र कारबाहीसमेत गरिरहेका छौँ ।

त्यस्ता विवादास्पद सञ्जाल, कतिपय अनलाइन सञ्चारमाध्यमले पनि आचारसंहिताको उल्लङ्घन गर्दै तथ्यहीन समाचार दिने गरेका छन् । विभिन्न खालको हिंसा भड्काउनेर सामाजिक, पारिवारिक सम्बन्धमा खलल पुऱ्याउने खालका सामग्रीले पत्रकारिताको समग्र पेसाप्रति नै हिलो छ्याप्ने काम भएको छ । प्रेस काउन्सिलले उनीहरुलाई पत्र काट्ने, क्षमायाचना वा सचेत गराउने गरेको छ । सञ्चार माध्यम र पत्रकारले आचारसंहिता उल्लङ्घन गरेमा प्रेस पास निलम्बनको सिफारिसदेखि अनलाइन बन्द गर्ने, लोककल्याणकारी विज्ञापन रोक्ने तथा कालोसूचीमा राख्नेसम्मको अभ्यास भएको छ । मिडिया साक्षरता पर्याप्त नहुँदा यस्ता समस्या देखिएका हुन् । सरकारले यस्ता काममा स्रोत साधन बढाउनुपर्ने आवश्यकता देखेको छु ।

**पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रमको प्रभावकारिता कत्तिको देख्नुभएको छ ?**

अनलाइन सञ्चार माध्यमलाई जिम्मेवार र मर्यादित बनाउन हामीले पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम सुरु गरेका हौँ । पत्रकारितालाई मर्यादित बनाउन अनुगमन र कारबाहीभन्दा पनि आचारसंहिता शिक्षालाई व्यापक बनाउन आवश्यक छ । पत्रकारिताको देश र समाजप्रति विशेष सामाजिक दायित्व रहेको हुन्छ । अनलाइन मिडियालाई दर्ता हुनुअघि त्यसका सम्पादक, प्रकाशकले आचारसंहिताको अनिवार्य कक्षाको सुरुवात भएको छ । र यो प्रभावकारी समेत भएको छ । पत्रकार आचारसंहिता जागरण अभियानलाई देशव्यापी बनाइएको छ ।

> *अबदेखि मिडिया क्षेत्रमा प्रवेश गर्न परीक्षा प्रणाली लागू गर्न आवश्यक छ । चिकित्सक, कानून व्यवसायी, इञ्जिनीयरिङमा जस्तै अब पत्रकारितामा पनि तोकिएको परीक्षा पास गरी लाइसेन्स दिनुपर्छ भन्ने आवाज उठ्न थालेको छ । पत्रकार, सम्पादक हुन विद्यमान कानून पुनरावलोकन हुनुपर्छ ।*

मिडियाबाट भएका गल्ती, कमजोरी सच्याउन र दोहोरिन नदिन विशेष निगरानी र अनुगमनमा जोड दिँदै आएको छ र युट्युब केन्द्रित विशेष जागरण कक्षासमेत सुरु गर्दैछौँ । पत्रकारितालाई मर्यादित गराउन यस्ता कार्यक्रमले सचेतना बढ्ने विश्वास गरिएको छ ।

**नेपाली मिडियालाई जिम्मेवार र व्यवस्थित बनाउन प्रेस काउन्सिलले के–कस्ता काम गरिरहेको छ ?**

पहिलो कुरा कानूनी रूपमा बलियो हुनु जरुरी छ । त्यसका लागि भइरहेको कानूनमा आवश्यक संशोधनको गृहकार्य भइरहेको छ । मिडियाको हित, प्रवर्द्धनका लागि आवश्यक कानूनको तयारीका लागि सरकारलाई सुझाव समेत दिँदै आइरहेका छौँ । पत्रकारको योग्यता के हुने भन्ने विषयमा ब्यापक छलफल गरी निष्कर्ष निकाल्नु पर्नेछ । पर्याप्त अध्ययन नभएका, विषयवस्तुबारे अध्ययन र अनुभव नभएका जनशक्तिले मिडिया सञ्चालन गर्दा यो क्षेत्र बदनाम हुँदै गएको पनि छ । अब अबदेखि मिडिया क्षेत्रमा प्रवेश गर्न परीक्षा प्रणाली लागू गर्न आवश्यक छ । चिकित्सक, कानून व्यवसायी, इञ्जिनीयरिङमा जस्तै अब पत्रकारितामा पनि तोकिएको परीक्षा पास गरी लाइसेन्स दिनुपर्छ भन्ने आवाज उठ्न थालेको छ । पत्रकार, सम्पादक हुन विद्यमान कानून पुरावलोकन हुनुपर्छ ।

हामी त्यसको अध्ययनमा समेत छौँ । जुन पृष्ठभूमि र अध्ययनबाट आए सम्पादक बन्न सक्ने, पत्रकारको कार्ड प्राप्त गर्न सक्ने ‘लुपहोल’ अब बन्द गर्नुपर्छ । अब मादण्ड बनाइ पत्रकार हुन परीक्षा पास गर्नुपर्ने व्यवस्थामा जानुपर्छ । प्रेस काउन्सिल त्यसको व्यवस्थापन गर्न सक्षम छ ।

त्यस्तै वरिष्ठ पत्रकारको उपाधिको आधार र मापदण्ड तय गर्ने, वास्तविक पत्रकार को हुन् भन्ने पहिचान गर्न विज्ञहरु संलग्न बेग्लै कार्यदल बनिसकेको छ । सामाजिक सञ्जालमा भएका बेथितिलाई नियन्त्रण गर्न र व्यवस्थापन गर्नका लागि समिति बनाइ सरकारलाई सुझावसमेत दिइसकेका छौँ ।

आचारसंहितासम्बन्धी पुस्तीका विभिन्न मातृभाषामा प्रकाशित गरेका छौँ । पत्रकार महिलालाई पेसामा टिकाइरहन र नयाँ पुस्तालाई आकर्षित गर्न अभिमुखीकरण तालिममा जोड दिएका छौँ । प्रदेशस्तरका मिडिया विरोधी कानून सच्याउन, आम सञ्चारसम्बन्धी सङ्घीय सरकारले ल्याउने विधेयकलाई मिडियामैत्री बनाउन काउन्सिलले विभिन्न रचनात्मक सुझाव दिएको छ । छापाखाना र प्रेसको इतिहासका लागि प्रेस सङ्ग्रहालय बनाउनेदेखि अनुसन्धानमूलक पुस्तकको तयारी, मिडियाको अङ्ग्रेजी भाषामा वर्ष पुस्तकको सुरुवात भएको छ ।

त्यसैगरी मिडियामा आएका विषयमा चित्त नबुझी काउन्सिल आउने पक्षको सुनुवाइका लागि बेग्लै इजलास कक्षको तयारी भइरहेको छ । विश्व प्रेस काउन्सिलको केन्यामा भएको सम्मेलनमा अनलाइन र पत्रकारले चलाउने सामाजिक सञ्जाललाई मर्यादित बनाउन साझा खालको आचासंहिता बनाउन नेपालको तर्फबाट प्रस्ताव राखिएको छ । त्यसबारे अरु देशमा समेत बहस भइरहेको छ । पत्रकारितामा संलग्न रहेका महिला पत्रकारलाई टिकाइराख्न उच्चस्तरको र नयाँलाई आकर्षित गराउन आधारभूत तालिम दिन सुरु गरेका छौँ । प्रदेश र जिल्लाका सरकारी विज्ञापन सोही क्षेत्रका सञ्चारमाध्यमलाई दिलाउन कानूनी परिमार्जन गर्न पहल गरिरहेका छौँ ।

**न्यू मिडियालाई व्यवस्थित गर्नेतर्फ काउन्सिलका प्रयासलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ?**

सूचना र सञ्चार प्रविधिमा आएको द्रूत विकासको परिणाम जन्मिएको न्यु मिडियालाई अवसरको रूपमा लिनुपर्छ । यसको सदुपयोग गरी रचनात्मक हिसाबले विषयवस्तु दिन सक्यौँ भने यसले आम जनतालाई नै लाभ पुग्दछ भने देशको समृद्धिमा सहयोग पुग्छ । न्यू मिडिया र सोसियल मिडियालाई रचनात्मक बनाउन, मर्यादित र व्यवस्थित तुल्याउन जरुरी भइसकेको छ । न्यु मिडियाले ल्याएका विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्नुपर्ने छ ।

युट्युब फेसबुब, टिकटकजस्ता सामाजिक सञ्जालको दुरूपयोग गरी सामग्री दिँदा जनमानसमा अनेक भ्रमण फैलिने गरेको छ । युट्युब प्रयोगकर्तामध्ये कतिपयले पत्रकारिताको मर्म र आधारभूत सिद्धान्त र दायित्व पनि ख्याल नगरी एकपक्षीय सामग्री प्रस्तुत गरेको पाइन्छ । सामाजिक सञ्जालका अधिकांश प्रयोगकर्ताले सामाजिक उत्तरदायित्वको मर्मलाई समेत ख्याल गरेको पाइँदैन । त्यसैले सञ्चार माध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तासमेत सजग भएर जिम्मेवारपूर्ण ढंगबाट समग्री दिनुपर्ने आवश्यकता छ । राज्यले न्यु मिडियालाई सञ्चालन गर्ने भन्ने बारेमा स्पष्ट नीति लिनुपर्ने देखिन्छ । काउन्सिलले न्यु मिडियाका विभिन्न प्लेटफर्महरुलाई सूचीकृत हुन आग्रह गरेको छ । नयाँ मिडियालाई बहिस्कार गर्नेभन्दा पनि परिस्कृत गराउन आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

नेता जस्ता छन्, देशको गति, प्रगति र शासन त्यस्तै छ । नेतृत्वको चरित्र जस्तो छ, शासन प्रणालीको चरित्र त्यस्तै बन्न गएको छ । यहाँ यस्तै देखिएको छ । यहाँ उल्टो भएको छ । शासन प्रणालीले नेतृत्वको चरित्र निर्माण गर्न सकेको छैन ।



**- सेतेमान तामाङ**

